रोङ गाउँपालिका
२०७३

# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : १ संख्याः ३ प्रकाशित मितिः २०७४/०७/१३

## भाग-१

## रोङ गाउँपालिकाको आर्थिक ऐन, २०७४

# <u>रोङ गाउँपालिकाको आर्थिक ऐन, २०७४</u>

<u>रोङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन</u>

सभाबाट स्वीकृत मिति : २०७४/०५/२५

**<u>प्रस्तावना:</u>** रोङ गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान धारा २२८ को उपधारा (२) बमोजिम रोङ गाउँसभाले यो ऐन बनाएको छ ।

**<u>यी उदेश्य पुरा गर्न आगामी आर्थिक वर्षका प्राथमिकताहरु</u>**

**<u>१. संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल असोज १ गतेदेखि गाउँपालिका क्षेत्रमा लागु गरिनेछ ।

**<u>२. घरधुरी/सम्पत्ति कर :</u>** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचिमा उल्लेख भए बमोजिम घरधुरी/सम्पत्ति कर लगाईने र असुल उपर गरिनेछ ।

**<u>३. भुमि कर (मालपोत):</u>** गाउँपालिका क्षेत्रभित्र अनुसूचिमा उल्लेख भए बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल उपर गरिनेछ ।

**<u>४. घर वहालकर :</u>** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिईएकोमा अनुसूचिमा उल्लेख भए बमोजिम घर वहालकर लगाईने र असुल उपर गरिनेछ ।

**<u>५. व्यवसाय कर :</u>** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचिमा उल्लेख भए बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

**<u>६. जडिबुटी, कवाडी र जीवजन्तु कर :</u>** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंग, छाला, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरे बापत अनुसूचिमा उल्लेख भए बमोजिमको कर लगाईने र असुल उपर गरिनेछ ।

**<u>७. सवारी साधन कर :</u>** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचिमा उल्लेख भए बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ ।

**<u>८. विज्ञापन कर :</u>** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचिमा उल्लेख भए बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**<u>९. मनोरञ्जन कर :</u>** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचिमा उल्लेख भए बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१०. बहाल विटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण गरेका, रेखदेख वा सञ्चालन गरेका अनुसूचिमा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचिमा उल्लेख भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**११. पार्किङ्ग शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत अनुसूचिमा उल्लेख भए बमोजिम पार्किङ्ग शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोईंग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफटिङ्ग शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोईंग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफटिङ्ग शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१३. सेवा शुल्क दस्तुर :** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचिमा उल्लेख भएमा उल्लेखित स्थानीय पूर्वाधार उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचिमा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१५. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउपालिकाले तोके अनुसार हुनेछ ।

**१७. सेवा शुल्क र दस्तुर :** गाउँपालिकाले अनुसूचिमा उल्लेख भए बमोजिम सेवा, शुल्क र दस्तुरहरु लगाउने र असूल उपर गरिनेछ ।

अनुसूची-१
दफा....संग सम्बन्धित

## कर, दस्तुर, शुल्कको दररेट

| क्र.सं. | कर, दस्तूरको क्षेत्र | प्रकार | दर्ता शुल्क | बार्षिक करको दर | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | (क) | (ख) | (ग) | अन्य | |
| १ | **व्यवसाय कर** | रक्सी/मदिरा पसल/रेष्टुरेन्ट बार (राजमार्ग क्षेत्र) | १०० | १५०० | १५०० | १५०० | | |
| | | रक्सी/मदिरा पसल/रेष्टुरेन्ट बार (ग्रामिण क्षेत्र) | १०० | १००० | १००० | १००० | | |
| | | खाना/नास्ता/फास्टफुड/भोजनालय | १०० | १००० | १००० | १००० | | |
| | | चिया, मिठाई पसल | १०० | १००० | १००० | १००० | | |
| | | होटल एण्ड लज | १०० | १५०० | १००० | १००० | | |
| | | रिसोर्ट / होमस्टे | १०० | २५०० | १८०० | १५०० | | |
| | | बेकरी क्याफे | १०० | १००० | १००० | १००० | | |
| | | किराना पसल | १०० | १००० | १००० | १००० | | |
| | | टेलरिङ्ग | १०० | १००० | १००० | १००० | | |
| | | फोटो स्टुडियो | १०० | १००० | १००० | १००० | | |
| | | मासु पसल | १०० | १००० | १००० | १००० | | |
| | | बुटिक | १०० | १००० | १००० | १००० | | |
| | | पेन्टिङ्ग | १०० | १००० | १००० | १००० | | |
| | | डान्स सेन्टर (सिकाउने) | १०० | १००० | १००० | १००० | | |
| | | फर्निचर उद्योग | १०० | २५०० | १५०० | १००० | | |
| | | स.मिल | १०० | २००० | १५०० | १००० | | |
| | | कृषि तथा वन जन्य उद्योग | १०० | १००० | १००० | १००० | | |
| | | सुन (ज्वेलरी) पसल | १०० | १००० | १००० | १००० | | |
| | | कम्युनिकेशन सेन्टर | १०० | १००० | १००० | १००० | | |
| | | मोवाइल पसल | १०० | १००० | १००० | १००० | | |
| | | घडी विक्री पसल | १०० | १००० | १००० | १००० | | |
| | | जुत्ता/ चप्पल पसल | १०० | १००० | १००० | १००० | | |
| | | पुस्तक/स्टेशनरी पसल | १०० | १००० | १००० | १००० | | |
| | | पान पसल | १०० | १००० | १००० | १००० | | |
| | | तमाखु पसल/हुक्का बार | १०० | १००० | १००० | १००० | | |
| | | कम्प्युटर, फ्रिज, फोटोकपी, वाशिङ्ग मेशिन जस्ता इलेक्ट्रोनिक पसल | १०० | १००० | १००० | १००० | | |
| | | रेडिमेड/तयारी लुगा पसल | १०० | १००० | १००० | १००० | | |
| | | हार्डवेयर पसल | १०० | १००० | १००० | १००० | | |
| | | ऐना/प्लाई/सिसा पसल | १०० | १००० | १००० | १००० | | |
| | | कस्मेटिक पसल | १०० | १००० | १००० | १००० | | |
| | | तरकारी पसल | १०० | १००० | १००० | १००० | | |
| | | भाँडाकुँडा पसल | १०० | १००० | १००० | १००० | | |
| | | गिफ्ट/खेलौना पसल | १०० | १००० | १००० | १००० | | |
| | | वीमा एजेन्ट | १०० | १००० | १००० | १००० | | |
| | | पशु चिकित्सक | १०० | १००० | १००० | १००० | | |
| | | साइवर क्याफे | १०० | १००० | १००० | १००० | | |
| | | विकास बैंक शाखा | १०० | ५००० | ५००० | ५००० | | |
| | | वाणिज्य बैंक शाखा | १०० | ५००० | ५००० | ५००० | | |
| | | शाखा रहित बैंक | १०० | ३००० | ३००० | ३००० | | |
| | | सहकारी संस्था | १०० | १५०० | १५०० | १५०० | | |
| | | शाखा रहित वित्तीय संस्था | १०० | ५००० | ५००० | ५००० | | गाउँपालिकावाट अनिवार्य स्वीकति लिनुपर्ने |
| | | अन्य वितिय संस्था | १०० | १५०० | १५०० | १५०० | | |
| | | भेटेरीनरी क्लिनिक | १०० | १००० | १००० | १००० | | |
| | | उद्योगहरु | १०० | ५००० | ५००० | ५००० | | |
| | | प्राईभेट विद्यालय (प्रा.वि.) | १०० | १००० | १००० | १००० | | |
| | | प्राईभेट विद्यालय (मा.वि.) | १०० | १५०० | १५०० | १५०० | | |
| | | प्राईभेट विद्यालय (उ.मा.वि.) | १०० | २००० | २००० | २००० | | |
| | | प्राईभेट मन्टेश्वरी विद्यालय | १०० | २५०० | २५०० | २५०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सैलुन/ब्यूटी पार्लर | १०० | १००० | १००० | १००० | | |
| | | निर्माण व्यवसायी | १०० | ५००० | ३००० | २५०० | २००० (घ वर्ग) | |
| | | ढुवानी/यातायात व्यवसायी | १०० | ५०० ट्रक, बस,ई. | २५० पिकअप, सफारी,भ्यान, ई. | ५० मोटरसाईकल,ई. | | |
| | | कुटानी पिसानी मिल | १०० | १००० | १००० | १००० | | |
| | | पशुपक्षी पालन व्यवसाय | १०० | १००० | १००० | १००० | | |
| | | कृषि व्यवसाय | १०० | १००० | १००० | १००० | | |
| | | घरेलु, आन्तरिक राजश्व र जिल्ला स्थित कार्यालयमा दर्ता भएका अन्य व्यवसायहरु | १०० | १००० | १००० | १००० | | |
| | | प्राइभेट स्वास्थ्य क्लिनिक | १०० | १००० | १००० | १००० | | |
| | | पेल्ट्रीक सेट (प्रति सेट) | १०० | २००० | २००० | २००० | | उत्पादन शुरू भए पछि |
| | | हाइड्रो पावर (प्रति मेगावाट) | १०० | १००० | १००० | १००० | | उत्पादन शुरू भए पछि |
| निर्धारित समय भित्र व्यवसाय कर नबुझाएमा पहिलो बर्ष १०, दोश्रो बर्ष २०, तेश्रो बर्ष ३० त्यसपछि ५० प्रतिशतका दरले बिलम्ब शुल्क लाग्नेछ । | | | | | | | | |
| माथि उल्लेख भए देखि बाहेक अन्य व्यवसायहरूबाट कर असुल गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाले कर निर्धारण गरी अनुमोदनका लागि गाउँ सभामा पेश गर्न सक्नेछ । साबिक गा.बि.स.ले लिईआएको व्यवसाय कर समेत दर्ता नवीकरण गर्ने र सो वापत प्रथम पटक रु १००।- लिने । | | | | | | | | |

| क्र.सं. | कर, दस्तूरको क्षेत्र | प्रकार | दर्ता शुल्क | बार्षिक दर (प्रति रोपनी) | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | अब्बल | दोयम | सीम | चाहार | |
| २ | **मालपोत** | | | ८ | ७ | ६ | ५ | |
| **निर्धारित समयभित्र मालपोत नबुझाएमा :** पहिलो बर्ष १०, दोश्रो बर्ष २०, तेश्रो बर्ष ३० त्यसपछि ५० प्रतिशतका दरले बिलम्ब शुल्क लाग्नेछ । | | | | | | | | |
| आगामी आ.व.देखी जग्गाको वर्गीकरण गरी सोही आधारमा नयाँदर निर्धारण गरिने छ । | | | | | | | | |

| क्र.सं. | कर, दस्तूरको क्षेत्र | प्रकार | दर्ता शुल्क | बार्षिक दर | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | पक्की घर | कच्ची टिनको छाना | कच्ची फुसको छाना | |
| ३ | **घरधुरी कर** | | | २०० | १०० | ५० | |

| क्र.सं. | कर, दस्तूरको क्षेत्र | प्रकार | दर्ता शुल्क | प्रति वर्गफुट (पक्की घरको मात्र) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | कालोपत्रे सडक | कच्ची मूल सडक | कच्ची शाखा सडक | |
| ४ | **नक्सा पास दस्तुर** | निजी प्रयोजन | | ५ | ४ | ३ | |
| | | व्यावासायिक प्रयोजन | | १० | ७ | ५ | |

| क्र.सं. | कर, दस्तूरको क्षेत्र | प्रकार | दर्ता शुल्क | प्रति वर्गफुट | कैफियत |
|---|---|---|---|---|---|
| **५** | **बिज्ञापन कर** | व्यावासायिक प्रयोजनका होर्डिङ्ग बोर्डहरू | | १०० | |

| क्र.सं. | कर, दस्तूरको क्षेत्र | प्रकार | दर्ता शुल्क | प्रति ट्रिप | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | बस,ट्रक,ई. | कार,भ्यान,जीप,पिकअप,(सानो गाडी) | मोटरसाइकल,ई. | |
| ६ | **पार्किङ्ग शुल्क** | | | ५० | ३० | १० | |

| क्र.सं. | कर, दस्तूरको क्षेत्र | प्रकार | प्रति सिफारिश | | | कैफियत |
|---|---|---|---|---|---|---|
| ७ | | **अन्य शुल्क, दस्तूरहरु** | | | | |
| | | नागरिकता सिफारिश दस्तूर | ० | | | |
| | | नागरिकता प्रतिलिपि सिफारिश दस्तूर | प्रथम पटक १०० | दोस्रो पटक २०० | त्यस पछि ३०० | |
| | | रूख कटानको सिफारिश (प्रति रुख) | १०० | | | |
| | | **व्यक्तिगत घटना दर्ता शुल्क** | | | | |
| | | क) विवाह दर्ता | १०० (जरिवाना बापत रु.५०, सेवा शुल्क बापत रु.५०) | | | |
| | | ख) जन्म दर्ता | ७५ (जरिवाना बापत रु.५०, सेवा शुल्क बापत रु.२५) | | | |
| | | ग) मृत्यू दर्ता | २५ | | | |
| | | घ) बसाईसराई दर्ता | आएको १०० (जरिवाना बापत रु.५०, सेवा शुल्क बापत रु.५०), गएको २५ | | | |
| | | ङ) सम्बन्ध विच्छेद दर्ता | २५ | | | |
| | | स्थलगत सर्जमिन मुचुल्का | ५०० | | | |
| | | नाता प्रमाणित (बैदेशिक प्रयोजन) | ५०० | | | |

| | | | | |
|---|---|---|---|---|
| | | नाता प्रमाणित (अन्य प्रयोजन) | २५० | |
| | | घरबाटो प्रमाणित | ३५० | |
| | | **सम्पत्ति मूल्याङ्कन** | | |
| | | क) पाँच लाख सम्म | ५०० | |
| | | ख) पाँच लाख देखि दश लाख सम्म | १००० | |
| | | ग) दश लाख देखि पन्ध्र लाख सम्म | १५०० | |
| | | घ) पन्ध्र लाख देखि वीस लाख सम्म | २००० | |
| | | ङ) वीस लाख देखि एक करोड सम्म | ३००० | |
| | | च) त्यस भन्दा माथि | ५००० | |
| | | विद्युत सिफारिश | २५० | |
| | | चारकिल्ला प्रमाणित | २५० | |
| | | भू. पू. लाहुरेको सिफारिश | ५०० | |
| | | अन्य सिफारिश दस्तुर | २५० | |
| ८ | | पर्यटन | - पाथीभरा मन्दिर क्षेत्रको प्रवर्द्धन र विकासको लागि गुरुयोजना तयार गरिनेछ ।<br>- अन्य पर्यटकीय स्थलको पहिचान गरिनेछ । | |
| ९ | | घरवहाल कर | घरवहाल रकमको ५ प्रतिशत | |

आज्ञाले,
डिक प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत